# प्रदेश समन्वय परिषद्को चौथो बैठक (२०८०/०४/१९) का निर्णयहरु

१. संघियतालाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि सङ्घीय इकाईहरु बीचको अन्तरसम्बन्धलाई मजबुत बनाउनका लागि व्यवस्था गरिएका कानूनी संयन्त्रहरुमध्ये प्रदेश र स्थनीय तहहरुको हकमा रहेको प्रदेश समन्वय परिषद्को बैठक मधेश प्रदेशमा हालसम्म तीन पटक मात्र बसेकोमा अन्तरसरकारबीचको सम्बन्धलाई सुदृढीकरण गर्नका लागि प्रदेश समन्वय परिषद्को बैठक प्रत्येक चौमासिकमा नियमित बस्ने ।

२. संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २४ बमोजिम गठित प्रदेश समन्वय परिषद्को बैठक सञ्चालन सम्बन्धी कार्यविधि बनाउने ।

३. नेपालको संविधानको धारा २२० (१) ले जिल्ला भित्रका गाउँपालिका, नगरपालिका, उप/महा नगरपालिकाहरु बिच समन्वय गर्न एक जिल्ला सभाको व्यवस्था गरेको र उपधारा ७ ले सो सभाको काम, कर्तब्य र अधिकार अन्तर्गत जिल्लाभित्रका पालिकाहरु बीच समन्वय गर्न, विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्न, जिल्लामा रहने सङ्घीय र प्रदेश सरकारी कार्यालय र पालिकाहरु बीच समन्वय गर्न तथा प्रदेश कानून बमोजिमका अन्य कार्यहरु गर्न भनी कानूनी व्यवस्था गरिएकोमा सो सम्बन्धमा मधेश प्रदेश सरकारले आवश्यक पहल गर्ने ।

४. प्रदेश सरकारबाट स्थानीय तहहरुमा कार्यान्वयन हुने योजनाहरु छनौट गर्दा एवम् बजेट तथा कार्यक्रमहरु कार्यान्वयन गर्ने क्रममा प्रदेश सरकार र स्थानीय तहहरु एक-अर्काको परिपूरकका रुपमा रही परियोजनाको गुणस्तर सुनिश्चित गर्न स्थानीय तहले सहयोग गर्ने र स्थानीय तह र प्रदेश सरकार बीचको समन्वय र सहकार्यलाई मजबुत बनाउने ।

५. स्थानीय तहहरुमा प्रदेश सरकारबाट सञ्चालित परियोजनाहरलाई समयावधिभित्रै सम्पन्न गर्न अनुगमनलाई प्रभावकारी बनाउने ।